नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरवार, काठमाण्डौ

(जनशक्ति विकास तथा स्थानीय तह कर्मचारी अभिलेख शाखा)

फोन { ४२००३०९, ४२००२८१

पत्र संख्या:- ०७४/७५

चलानी नं.:- २२८

मितिः २०७४।०९।१२

श्री प्रमुखज्यू एवं उपप्रमुखज्यू, प्रदेश नं. ५ र ७ का सबै जिल्ला समन्वय समितिको कार्यालयहरु,
श्री नगर प्रमुखज्यू एवं उपप्रमुखज्यू, प्रदेश नं. ५ र ७ का सबै उपमहानगरपालिका/नगरपालिकाहरु,
श्री अध्यक्षज्यू एवं उपाध्यक्षज्यू, प्रदेश नं. ५ र ७ का सबै गाउँपालिकाहरु,
श्री जिल्ला समन्वय अधिकारीज्यू, प्रदेश नं. ५ र ७ का सबै जिल्ला समन्वय समितिको कार्यालयहरु,
श्री प्रमुख प्रशासकिय अधिकृतज्यू, प्रदेश नं. ५ र ७ का सबै नगर कार्यपालिका/गाउँ कार्यपालिकाहरु ।

विषयः अभिमुखीकरण कार्यक्रममा सहभागिता सम्बन्धमा।

प्रदेश नं. ५ र ७ का सबै जिल्ला समन्वय समितिका प्रमुखज्यू तथा उपप्रमुखज्यू, उपमहानगरपालिका/नगरपालिकाका निर्वाचित प्रमुखज्यू एवं उपप्रमुखज्यू, गाउँपालिकाका अध्यक्षज्यू एवं उपाध्यक्षज्यू र प्रदेश नं. ५ र ७ का सबै जिल्ला समन्वय अधिकारीज्यू तथा प्रमुख प्रशासकीय अधिकृतज्यूहरुलाई **"स्थानीय सरकार सञ्चालन तथा बजेट तर्जुमा"** सम्बन्धी तीन दिने अभिमुखीकरण मन्त्रालयका अधिकारी एवं विषय विज्ञहरुबाट तपशिल बमोजिमको मिति, समय र स्थानमा सञ्चालन हुने भएकाले उक्त अभिमुखीकरणमा सहभागी हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७४/०९/१२ को निर्णयानुसार सादर अनुरोध गर्दछु।

| सि.नं. | मिति | स्थान | सहभागी जिल्ला | स्थल र समय |
|---|---|---|---|---|
| १ | २०७४ पुस १९ देखि २१ गते सम्म | कैलालीको धनगढी | कैलाली, बाजुरा, बझाङ्ग, बैतडी, दार्चुला, अछाम, डोटी | स्थलः कार्यक्रम स्थल तय भएपछि जि.स.स.को कार्यालय मार्फत जानकारी गराईनेछ । समयः विहान ०८:०० बजे देखि १७:०० बजे सम्म । |
| २ | २०७४ पुस २० देखि २२ गते सम्म | कञ्चनपुरको सदरमुकाम | कञ्चनपुर र डडेल्धुरा | |
| ३ | २०७४ पुस २३ देखि २५ गते सम्म | रुपन्देहीको उपयुक्त स्थान | रुपन्देही, गुल्मी, पाल्पा, नवलपरासी (पश्चिम), कपिलबस्तु, अर्घाखाँची | |
| ४ | २०७४ पुस २४ देखि २६ गते सम्म | बाँकेको नेपालगञ्ज | दाङ्ग, प्युठान, रोल्पा, रुकुम, बाँके, बर्दिया | |

साथै कार्यक्रम आवासीय रुपमा व्यवस्था गरिएको छ । सहभागीज्यूहरुको भ्रमण खर्च आफ्नो निकायबाट नै व्यवस्था हुन समेत निर्णयानुसार अनुरोध छ ।

सम्पर्कः प्रदेश नं. ५ का लागि :- श्री टिकाराम पन्थी (सम्पर्क नं.:९८५८०२०८८९)
प्रदेश नं. ७ का लागि :- श्री नरेन्द्र सिंह विष्ट (सम्पर्क नं.:९८५८४२२७४८)

९।१२
(सुमन घिमिरे)
उपसचिव

**बोधार्थः**

श्री जिल्ला समन्वय अधिकारीज्यूहरु, प्रदेश नं. ५र ७ का सबैः- जिल्ला समन्वय समितिको कार्यालय । — जिल्लाका सबै न.पा. तथा गा.पा.मा सम्पर्क गरी सहभागिताको लागि समन्वय गरिदिनु हुन एवं अधिकृत स्तरको कर्मचारी खटाई व्यवस्थापकीय सहयोग गरिदिनु हुन समेत अनरोध छ ।

श्री स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमः समन्वय ईकाई काठमाडौं/नेपालगञ्ज/धनगढी । — प्रदेशका समन्वय ईकाईहरुसंग आवश्यक समन्वय र कार्यान्वयन (कार्यक्रम स्थान, आवासीय व्यवस्था, स्रोत व्यक्तिको भ्रमण आदि) को व्यवस्था हुन अनुरोध

श्री स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जावलाखेल ललितपुरः निर्णयानुसारको सहजिकरण हुन अनुरोध ।

श्री सूचना तथा विद्युतीय शासन शाखा, Website मा Upload हुन ।